शिक्षा विकास तथा समन्वय आय तर्फ आव २०८२/८३ मा एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली व्यवस्थापन, बेरूजु फर्छ्यौट प्रयोजनार्थ विद्यालय निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयारीका लागि प्राविधिक परामर्श सेवा, शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तहका कर्मचारीको क्षमता विकास, स्थानीय तहसँगको समन्वयमा कक्षा ८ को परीक्षाको Item Writing, Question Bank निर्माण एवम् नतिजा विश्लेषणमा सहजीकरण तथा अभिलेख व्यवस्थापन, शिक्षक दरबन्दी मिलानका लागि सहजीकरण, नवप्रवेशी शिक्षकका लागि सेवा प्रवेश तालिम, विद्यालय एवम् स्थानीय तहका पदाधिकारीहरूलाई शैक्षिक नीति अभिमुखीकरण, विद्यालय लेखापालन तथा सार्वजनिक खरिद तालिम, एकीकृत पाठ्यक्रम तथा अन्य परिमार्जित पाठ्यक्रमको कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास, अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनका लागि सहजीकरण, स्थानीय तहसँगको समन्वयमा विद्यालय सुपरिवेक्षण तथा शिक्षकका लागि पेसागत सहयोग जस्ता कार्यक्रमहरू रहेका छन्।

आव २०८२।८३ मा स्थानीय तहबाट सम्पादन हुने विद्यालय शिक्षा क्षेत्र योजनाका क्रियाकलापगत उपक्रियाकलापको एकाइ लागतसहितको कार्यक्रम विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

## आ. व. २०८२।८३ स्थानीय तहबाट सम्पादन हुने विद्यालय शिक्षा क्षेत्र योजनाका क्रियाकलापगत उपक्रियाकलापहरूको एकाइ लागत

| क्र.स. | कार्यक्रम | क्रियाकलाप विस्तृतीकरण | विनियोजित एकाइ लागत |
|---|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक/कर्मचारीहरू समेत) | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक/कर्मचारीहरू समेत) | स्वीकृत तलबभत्ता स्केलअनुसार र पोसाक खर्च |
| २ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षक/ कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षकसमेत) | स्वीकृत तलबभत्ता स्केलअनुसार र पोसाक खर्च |
| ३ | प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | प्रारम्भिक बालविकास / पूर्व प्राथमिक कक्षाका सहजकर्ताहरूको पारिश्रमिक | बालविकास सहजकर्ताको मासिक रु. १२०००/- का दरले १३ महिनाको खर्च र पोसाक खर्च |
| | | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान माध्यमिक विद्यालय (कक्षा १-१२) (१ जना सहयोगी र १ जना लेखा कर्मचारी) | विद्यालय सहयोगीका लागि मासिक रु.१००००/- का दरले १३ महिनाको खर्च र लेखा सहायकका लागि मासिक रु. १५,०००/- का दरले १३ महिना र पोसाक खर्च |
| | | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान आधारभूत विद्यालय (कक्षा १-८) | मासिक १०००० का दरले १३ महिनाको खर्च र पोसाक खर्च |
| ४ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान, प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन अनुदान | प्रारम्भिक बालविकास / पूर्व प्राथमिक कक्षामा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी एकाइ लागतका आधारमा अनुदान | प्रति विद्यार्थी वार्षिक रु. ५००/- |
| | | सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन,आवश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान,कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि | प्रति विद्यार्थी वार्षिक रु. १००/- |
| | | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा Book Corner व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा १-५) | प्रति विद्यार्थी वार्षिक रु. १५०/- |
| | | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६-८) | प्रति विद्यार्थी वार्षिक रु. २००/- |
| | | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ९-१०) | प्रति विद्यार्थी वार्षिक रु २००/- |
| | | राष्ट्रिय प्राविधिक सेवामा खटिएका जनशक्तिको निर्वाह खर्च तथा प्राविधिक भार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान | प्रति व्यक्ति रु. १७५ हजार<br>विद्यार्थी वार्षिक १५ हजार |
| | | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ११-१२) | प्रति विद्यार्थी वार्षिक रु. २५००/- |

| क्र.स. | कार्यक्रम | क्रियाकलाप विस्तृतीकरण | विनियोजित एकाइ लागत |
|---|---|---|---|
| ५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | (कक्षा १-५) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तकका लागि अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | पाठ्यक्रम विकास केन्द्रले तोकेको अनुसार |
| | | (कक्षा ६-८) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | पाठ्यक्रम विकास केन्द्रले तोकेको अनुसार |
| | | (कक्षा ९-१०) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | पाठ्यक्रम विकास केन्द्रले तोकेको अनुसार |
| | | (कक्षा ११-१२) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | पाठ्यक्रम विकास केन्द्रले तोकेको अनुसार |
| ६ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | छात्रा छात्रवृत्ति (कक्षा १-५) कर्णाली प्याकेज समेत गैर आवसीय | प्रति विद्यार्थी वार्षिक रू.४००/- (सावित्रिको कर्णाली अञ्चल अन्तर्गतका जिल्लाका कक्षा १-५ मा अध्ययनरत छात्रालाई वार्षिक रू. १०००/- |
| | | दलित छात्रवृत्ति (कक्षा १-५) गैर आवसीय | प्रति विद्यार्थी वार्षिक रू. ४००/- |
| | | आधारभूत तहमा अध्ययनरत लक्षित समूह (२२ जनजाति तथा सिमान्तकृत समूह, मुक्त कमैया, वादी, हलिया, चरुवाका सन्ततिसमेत) का विद्यार्थीका लागि छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक रू. ५००/- |
| | | मुक्त कम्लहरीका लागि छात्रवृत्ति (गैर अवासीय) | निर्देशिका अनुसार |
| | | अपाङ्ग छात्रवृत्ति (कक्षा १-१२) गैर आवासीय | वर्ग अनुसार |
| | | मुक्त कम्लहरी छात्रवृत्ति (आवासीय) | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति (कक्षा १-१२) (आवासीय) | तोकिएको श्रेणीको दररेट अनुसार |
| | | फिडर छात्रावासमा अध्ययनरत छात्रालाई छात्रवृत्ति आवासीय | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | सार्वजनिक निजी साझेदारीमा सञ्चालित नमुना विद्यालयमा स्वीकृत कोटामा अध्ययनरत छात्रछात्रालाई छात्रवृत्ति आवासीय (६ओटा) | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | हिमाली आवासीय छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | HIV प्रभावित बालाबालिका तथा बादी समुदायका विद्यार्थीका लागि आवासीय प्रबन्ध | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | सडक बालाबालिका तथा बालश्रमिकको लागि आवासीय शैक्षिक प्रबन्धका लागि छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक ५० हजार |

| क्र.स. | कार्यक्रम | क्रियाकलाप विस्तृतीकरण | विनियोजित एकाइ लागत |
|---|---|---|---|
| ७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-५ | प्रति विद्यालय वार्षिक १५ हजार |
| | | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-८ | प्रति विद्यालय वार्षिक २० हजार |
| | | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | प्रति विद्यालय वार्षिक २५ हजार |
| | | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | प्रति विद्यालय वार्षिक ३० हजार |
| | | आधारभूत विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | प्रति विद्यालय वार्षिक १५ हजार |
| | | आधारभूत तह सञ्चालित विद्यालयहरूलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकाशनलगायतका क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | प्रति विद्यालय वार्षिक १० हजार |
| | | माध्यमिक विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | प्रति विद्यालय वार्षिक २० हजार |
| | | माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | प्रति विद्यालय वार्षिक १५ हजार |
| | | विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च | कक्षा १-१२ वा १-१० सञ्चालित माध्यमिक विद्यालय वार्षिक रू २० हजार<br><br>कक्षा १-८ सञ्चालित आधारभूत विद्यालय वार्षिक रू १५ हजार<br><br>कक्षा १-५ सम्म सञ्चालित आधारभूत विद्यालय वार्षिक रू १२ हजार |
| | | आवासीय छात्रवृति प्राप्त बालबालिकालाई आवास सञ्चालन अनुदान | प्रति विद्यालय वार्षिक २ लाख ५० हजार |
| | | स्रोत कक्षा व्यवस्थापन अनुदान | प्रति कक्षा वार्षिक २ लाख ३५ हजार |
| | | विशेष आवश्यकता भएका विद्यार्थी अध्ययनरत विद्यालय अनुदान (अनुसूची अनुसारका विद्यालय) | यसै कार्यविधिमा तोकेको अनुसार |
| | | विशेष शिक्षा परिषद् अन्तर्गत सञ्चालित विद्यालयका लागि शैक्षिक सामग्री तथा मसलन्द खर्च | निर्देशिका अनुसार |
| | | प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याब सामग्री सहयोग अनुदान | प्रति विद्यालय वार्षिक २ लाख |
| | | हाल सञ्चालनमा रहेका बहुकक्षा MGML सञ्चालन अनुदान | आव २०८२।८३ मा छनोट भएकाको हकमा प्रति विद्यालय विद्यालय वार्षिक ६५ हजार र यसपूर्व सञ्चालनमा रहेका विद्यालयको हकमा प्रति विद्यालय वार्षिक १५ हजार |
| | | हाल सञ्चालनमा रहेका बहुभाषिक शिक्षा विद्यालय अनुदान | प्रति विद्यालय वार्षिक ५० हजार |

| क्र.स. | कार्यक्रम | क्रियाकलाप विस्तृतीकरण | विनियोजित एकाइ लागत |
|---|---|---|---|
| ८ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | परम्परागत तथा धार्मिक विद्यालय अनुदान (कक्षा १-५) | प्रति विद्यालय वार्षिक ३ लाख |
| | | परम्परागत तथा धार्मिक विद्यालय अनुदान (कक्षा १-८) | प्रति विद्यालय वार्षिक ८ लाख |
| | | परम्परागत तथा धार्मिक विद्यालय अनुदान (कक्षा १-१०, १-१२) | प्रति विद्यालय वार्षिक १८ लाख |
| | | अति विकट हिमाली जिल्लाका लागि घुम्ती विद्यालय अनुदान | प्रति विद्यालय वार्षिक ३ लाख ५० हजार |
| | | खुला विद्यालय सञ्चालन अनुदान तह १ र २ (कक्षा ६-८) | प्रति विद्यालय वार्षिक १ लाख १० हजार |
| | | अनौपचारिक विद्यालय सञ्चालन अनुदान (कक्षा १-५) | प्रति विद्यालय वार्षिक ३ लाख |
| | | अनौपचारिक प्रौढ विद्यालय सञ्चालन अनुदान (कक्षा १-८) | प्रति विद्यालय वार्षिक ८ लाख |
| | | खुला विद्यालय सञ्चालन अनुदान माध्यमिक | प्रति विद्यालय वार्षिक १ लाख ५२ हजार |
| | | अनौपचारिक प्रौढ विद्यालय (कक्षा ९-१०) | प्रति विद्यालय वार्षिक १० लाख |
| | | अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी कार्ययोजना कार्यान्वयन गर्ने विद्यालय बाहिर रहेका बालबालिकालाई विदयालय भर्ना सिकाइ निरन्तरता र Equity Index वृद्धिका लागि अनुदान | विद्यालय बाहिर रहेका बालबालिका र Equity Index का आधारमा मधेश,लुम्बिनी र कर्णाली प्रदेशका स्थानीय तहमा ३ लाख ५० हजार र अन्यमा २ लाख ५० हजार |
| | | लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा/ आजीवन सिकाइ कार्यक्रम सञ्चालन | साक्षर घोषणा भएका स्थानीय तहका लागि रू २ लाख र घोषणा हुन बाँकी गाँउपालिकामा रू ३ लाख र नगरपालिकामा रू ४ लाख |
| | | सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान | प्रति केन्द्र वार्षिक ३ लाख |
| ९ | तोकिएका विद्यार्थीको दिवाखाजाका लागि विद्यालयलाई अनुदान | तोकिएका जिल्लाका लागि दिवा खाजा कार्यक्रम (बालविकासदेखि कक्षा ५ सम्म) | सावित कर्णाली अञ्चल अन्तर्गतका जिल्लाबाहेकका विद्यालयमा दैनिक रू २० का दरले |
| | | स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारूप २०८१ कार्यान्वयन | गापा ३ लाख र नपा ४ लाखका दरले |
| | | कर्णाली अञ्चलका ५ जिल्लामा विद्यार्थी दिवा खाजा कार्यक्रम (बाल विकास देखि कक्षा ५ सम्म) | प्रति विद्यार्थी दैनिक रू २५ |
| १० | केन्द्रबाट छनोट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरूयोजना अनुरूप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धारका विद्यालयलाई ल्याब व्यवस्थापन अनुदान | नमुना विद्यालय सुधार गुरूयोजना अनुरूप भौतिक निर्माण अनुदान | प्रति विद्यालय वार्षिक १ करोड |
| | | प्राविधिक धारतर्फ कक्षा ११ सञ्चालन गर्ने विद्यालयलाई ल्याब व्यवस्थापन अनुदान | तोकिएको दरेट अनुसार |
| | | चिनिया सहयोगमा निर्माणाधीन हिमाली आवासीय विद्यायलमा नेपाल सरकारको तर्फबाट निर्माण गर्नुपर्ने पूर्वाधार तयारी | तोकेको अनुसार |
| | | अपाङ्गताको प्रकृति (अटिजमसमेत) अनुरूप आवश्यकताका आधारमा प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त विशेष शिक्षा आवासीय विद्यालय सञ्चालन | प्रति विद्यालय ५० लाख |

| क्र.स. | कार्यक्रम | क्रियाकलाप विस्तृतीकरण | विनियोजित एकाइ लागत |
|---|---|---|---|
| ११ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन | तोकेको अनुसार |
| | | कक्षा १-३ मा पढाइ तथा गणित क्षेत्रका थप सिकाइ सामग्री छपाइ तथा वितरण | प्रति विद्यालय वार्षिक रू ९ हजार |
| | | विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | तोकेको अनुसार |
| | | शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरूलाई गैर अनुदान | प्रति विद्यालय १० लाख |
| | | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वनका लागि अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) | प्रतिविद्यालय १० लाख देखि ६० लाख सम्म |
| १२ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान | तोकिए अनुसार |
| १३ | भुटानी शरणार्थीका विद्यार्थी अध्ययनरत विद्यालयका लागि शिक्षक व्यवस्थाका लागि अनुदान | भुटानी शरणार्थीका विद्यार्थी अध्ययनरत विद्यालयका लागि शिक्षक व्यवस्थाका लागि अनुदान | नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार |
| १४ | माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शून्य =३,१=२ र २=१ शिक्षक हुने गरी मासिक ४३६८९ का दरले १३ महिना (पोसाक खर्चसहित) |
| १५ | आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शून्य=१ शिक्षक हुने गरी मासिक ३४७३० का दरले १३ महिना (पोसाक खर्चसहित) |

| क्र.स. | कार्यक्रम | क्रियाकलाप विस्तृतीकरण | विनियोजित एकाइ लागत |
|---|---|---|---|
| १६ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | राष्ट्रिय परीक्षा बोर्डबाट विकास गरिएको कक्षा ८ को परीक्षा सञ्चालनसम्बन्धी मार्गदर्शन समेतका आधारमा परीक्षा सञ्चालन तथा विद्यार्थी मूल्याङ्कन | प्रति विद्यार्थी वार्षिक रू २७५ |
| | | शैक्षिक सुशासन प्रवर्धन कार्यक्रम, वार्षिक, त्रैमासिक प्रतिवेदन तयारी,IEMIS व्यवस्थापन, शैक्षिक अभिलेख व्यवस्थापन, स्थानीय शिक्षा योजना तर्जुमा एवम् कार्यक्रम कार्यान्वयन सहजीकरण | २५ ओटासम्म विद्यालय भए १ लाख<br>५० ओटासम्म विद्यालय भए १ लाख ५० हजार,<br>१०० ओटासम्म विद्यालय भए २ लाख<br>१५० ओटासम्म विद्यालय भए ३ लाख ₹<br>१५१ भन्दा बढी विद्यालय भए ३ लाख ५० हजार |
| | | विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेसागत सहयोगका लागि मेन्टरिङ पद्धतिको कार्यान्वयन | तोकेको अनुसार |
| | | विद्यालय शिक्षकका लागि सूचना प्रविधिसम्बन्धी क्षमता विकास | तोकेको अनुसार |
| | | एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम (अनलाइन समेत) | प्रति शिक्षक ५ हजार |
| | | स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक सर्वेक्षण तथा नक्साङ्कन (IEMIS अध्यावधिक समेत) | तोकेको अनुसार |
| | | बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा सञ्चालन अनुदान | प्रति स्थानीय तह ५० हजारका दरले १४३ स्थानीय तहमा( DLI) |
| | | बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका (Disability Screening) गर्ने स्थानीय तह एवम् विद्यालयका लागि कार्यक्रम | प्रति विद्यार्थी १०० का दरले |
| १७ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | विपन्न लक्षित छात्रवृत्तिकालागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | तोकेको अनुसार |
| १८ | निर्मित गुरूयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान | स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | मन्त्रालयबाट स्वीकृत गुरुयोजनाअनुसार (भूकम्प प्रभावित ४७ जिल्लाबाहेक) |
| १९ | द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम (सहिद प्रतिष्ठानमार्फत सञ्चालन हुने) | सहिद स्मृति विद्यालयलाई अनुदान | तोकेको अनुसार |

सबल, अग्रज र जवाफदेही स्थानीय सरकार, दिगो समृद्धिको आधार
NARMIN
गाउँपालिका राष्ट्रिय महासंघ नेपाल
National Association of Rural Municipalities in Nepal
... Strengthening Local Governance in Nepal ...

च नं ३४ मिति: २०८२।०६।०२

**देशमा भएको पछिल्लो राजनीतिक घटनाक्रमका कारण उत्पन्न परिस्थिति र स्थानीय सरकार सञ्चालनका सम्बन्धमा गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालको तर्फबाट स्थानीय सरकार (गाउँपालिका) हरू, नेपाल सरकार र प्रदेश सरकारहरूलाई गरिएको अनुरोध र ध्यानाकर्षण**

## क. स्थानीय सरकार (गाउँपालिका) हरुलाई अनुरोध र मार्गदर्शन

१. स्थानीय तहमा क्रियाशील राजनीतिक दल, सामाजिक सङ्-संस्था, नागरिक समाज र सुरक्षा निकायहरूको सर्वपक्षीय भेला आयोजना गरी परिस्थितिको गहिरो समीक्षा गर्दै, शान्ति-सुरक्षा कायम राख्न तथा नागरिकमा भयरहित वातावरण निर्माण गर्न साझा सङ्कल्पसहित सहकार्यको दृढ प्रतिबद्धता जनाउने र सोको सन्देश नागरिक तहसम्म पुऱ्याउने।

२. नागरिकलाई अभिभावकत्व प्रदान गर्ने मूल दायित्व सरकारको हो। नागरिकसँग सर्वेभन्दा नजिकको सरकार भएको नाताले, जनप्रतिनिधिहरूले आफ्नै निजी घर-सम्पत्तिमा पुऱ्याएको क्षति र त्यसबाट सिर्जित गहिरो मानसिक दबावका बावजुद स्थानीय सरकारले नागरिकलाई शान्ति-सुव्यवस्था, सेवा प्रवाह र विकासका क्षेत्रमा नयाँ आशा र विश्वास जगाउन अग्रणी शक्तिको रूपमा भूमिका खेल्ने।

३. तीन तहकै जनप्रतिनिधिमुलक संस्था विघटन भैसकेको भ्रम फिजाउँदै स्थानीय सरकारका जनप्रतिनिधिहरूलाई जिम्मेवारी छाड्न धम्कि आइरहेको पाइएको छ। सङ्घीय संसदको प्रतिनिधि सभा मात्र विघटन भएको र राष्ट्रिय सभा, प्रदेश सभा/प्रदेश सरकार र गाउँ/नगर सभा र स्थानीय सरकार संविधान र प्रचलित कानुनअनुसार मौजुदा रहेको विषयमा कोही पनि भ्रममा नपर्न प्रचारप्रसार गर्ने।

४. यसबीचमा गाउँपालिका क्षेत्रमा क्षति भएका सार्वजनिक तथा निजी भौतिक पूर्वाधार, सवारी साधन तथा दस्तावेजहरूको विवरण सङ्कलन गर्ने, प्रचलित कानुनअनुसार क्षतिको मूल्याङ्कन गर्ने र सोको प्रमाणीकरण गरी अभिलेखीकरण गर्नुको साथै भएका अभिलेखहरूको संरक्षण र अद्यावधिक गर्ने कार्यलाई पहिलो प्राथमिकता दिने।

५. क्षति हुनबाट जोगिएका संरचनाहरू नागरिकको सक्रिय सहभागिताले सुरक्षित भएका हुन्। तसर्थ क्षति भएका संरचनाहरूको पुनर्निर्माण पनि स्थानीय समुदायको अग्रसरता, सहभागिता र स्थानीय स्रोत साधनको परिचालनमार्फत सुरु गर्ने।

६. सुरक्षा निकायको आत्मबल अभिवृद्धि गर्न, क्षति भएका सुरक्षा पोष्ट पुनर्निर्माण गरी सुरक्षाकर्मीहरूको पुनर्स्थापना गर्न सुरक्षा निकाय र समुदायबीच प्रभावकारी समन्वय, सहजीकरण र सहकार्यको वातावरण निर्माण गर्ने।

गवल, अव्वल र जवाफदेही स्थानीय सरकार, दिगो संघीयताको आधार
गाउँपालिका राष्ट्रिय महासंघ नेपाल
National Association of Rural Municipalities in Nepal
NARMIN
... Strengthening Local Governance in Nepal ...

७. स्थानीय सरकारका जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरूले उच्च मनोबलका साथ तत्काल अस्थायी प्रबन्ध मिलाई नागरिक सेवाको निरन्तरता र विकास गतिविधिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने। क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माणका लागि सहकार्य गर्न विकास साझेदार निकायहरू, निजी क्षेत्र, नागरिक समाज र प्रदेश तथा सङ्घीय सरकारलाई आव्हान गर्ने।

८. भोलीका दिनमा 'लुटेर खाने देश' हो भन्ने मान्यता स्थापित हुने र शान्ति सुरक्षा अमन चयन कायम गर्न नसक्ने अवस्था सृजना हुन सक्नेतर्फ गम्भिर हुँदै यसबीचमा भएको आगजनी, तोडफोड, चोरी, लुटपाटमा संलग्नहरूलाई कठोर सजाय दिनका लागि प्रभावकारी अनुसन्धान गर्न तत्काल सम्बन्धित स्थानीय प्रशासनसँग जोडदार माग गर्ने। समुदाय र प्रहरीसँग हातेमालो गर्दै कसुर स्थापित गर्न अपराधिक गतिविधिमा संलग्नहरूको प्रमाण सङ्कलन गर्ने कार्यलाई उच्च प्राथमिकता दिने।

९. अन्तरिम सरकारको प्रमुख दायित्व निर्वाचन गर्ने भएकोले आगामी निर्वाचन स्वच्छ र निष्पक्ष ढङ्गले सम्पन्न हुने वातावरण तयार गर्नका लागि सम्बन्धित निकायहरूलाई दबाब दिने, मतदाता नामावली अद्यावधिक गर्नेलगायत निर्वाचनका सबै प्रकृयामा निर्वाचन आयोगको अनुरोधअनुसार सहयोग र सहकार्य गर्ने।

१०. यस विषम परिस्थितिमा अन्तर स्थानीय सरकार सहकार्य र आपसी सहयोगको आदान-प्रदानलाई प्रोत्सहान गरी साझा समस्या समाधान र पुनर्निर्माण कार्यलाई थप प्रभावकारी बनाउने।

११. स्थानीय सरकारहरू मितव्ययी बन्नेतर्फ देखिने गरी कदम चाल्ने। दरबन्दी भन्दा बाहेकका कर्मचारी कटौती गर्ने, पिए, सल्लाहकार जस्ता जनशक्ति हटाउने, अत्यावश्यक भन्दा बाहेक जनप्रतिनिधि र कर्मचारीहरू कार्यक्षेत्र भन्दा बाहिर भ्रमण नगर्ने।

१२. अनुमान गरिएको स्रोतमा आउन सक्ने सङ्कुचनलाई मध्यनजर गर्दै गाउँ सभाको विशेष अधिवेशन गरेर वा हिउँदे अधिवेशनबाट चालु आ.व. को स्वीकृत नीति तथा कार्यक्रम र बजेटको समीक्षा गर्दै पुन:प्राथमिकीकरण गर्ने र योजना तर्जुमा प्रकृयालाई सहभागितामूलक र नतिजामुलक बनाउने।

१३. स्थानीय शासन सञ्चालन प्रकृयामा नागरिक र विशेषगरी युवाहरूको सहभागिता सुनिश्चित गर्दै युवामैत्री स्थानीय शासन प्रणाली तत्काल अवलम्बन गर्ने।

१४. दशैं पूर्व नै बर्षायामले अवरुद्ध सडक खुलाउने र सामाजिक सुरक्षा भत्ता तथा शिक्षक/कर्मचारीको तलब वितरण गर्ने।

सबल अब्बल र जवाबदेही स्थानीय सरकार, टिगो संघीयताको आधार
गाउँपालिका राष्ट्रिय महासंघ नेपाल
National Association of Rural Municipalities in Nepal
NARMIN
.... Strengthening Local Governance in Nepal ....

## ख. नेपाल सरकारसमक्ष अनुरोधसहित ध्यानाकर्षण

१. शान्तिसुरक्षा र सुव्यवस्था कायम गर्न र स्थानीय सरकारका जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरूलाई भयरहित रूपमा सेवा प्रवाहलाई सुचारु गर्न विश्वस्त वातावरण तयार गर्नुपर्ने। यसबीचमा भएको आगजनी, तोडफोड, चोरी, लुटपाटमा संलग्नहरूलाई अनुसन्धान गरी कानुनी कारबाहीको दायरामा ल्याई शान्ति सुव्यवस्था कायम गर्नुपर्ने।

२. दशैं अगावै वर्षातबाट क्षति भएका तथा हालैको द्वन्द्वबाट क्षति भएका पूर्वाधारहरूको मर्मत सम्भार गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता तथा शिक्षक/कर्मचारीहरुको तलब वितरण गर्न अन्तरसरकार वित्त व्यवस्था ऐन, २०७४ बमोजिम चालु आ.व. को पहिलो त्रैमासिकमा हस्तान्तरण हुनुपर्ने रकम तत्कालै निकासा हुनुपर्ने।

३. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिमका संयन्त्रहरू (राष्ट्रिय समन्वय परिषद्, अन्तरसरकारी वित्त परिषद् र विषयगत समितिहरू) को बैठक तत्काल आव्हान गर्नुपर्ने।

४. पछिल्लो समय स्थानीय सरकारमा निमित्त प्रमुख प्रशासकीय अधिकृत विहिन बनाउने गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट खटाइएका भनिएका कतिपय प्रमुख प्रशासकीय अधिकृतहरु अझैपनि कार्यस्थलमा पुगेका छैनन् जसले प्रशासनिक अन्यौलता सृजना भएकोले तत्काल ति कर्मचारीलाई हाजिर हुन पठाउनु पर्ने।

## ग. प्रदेश सरकारसमक्ष अनुरोधसहित ध्यानाकर्षण

१. वर्तमान परिस्थितीको समीक्षा गर्दै प्रदेश र स्थानीय सरकारबीचको प्रभावकारी अन्तरसम्बन्धमा छलफल गर्न सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिम प्रदेश समन्वय परिषद्को बैठक तत्काल आव्हान गर्नुपर्ने।

२. क्षतिग्रस्त स्थानीय सरकारका संरचनाहरूको अस्थायी व्यवस्था गरी सेवा प्रवाहलाई सुचारु गर्नका लागि सहजीकरण गर्न विकास साझेदार निकायहरू र प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (पिएलजिएसपी) लगायतका स्रोत साधनलाई प्रभावकारी उपयोग गर्न प्रदेश निर्देशक समितिको बैठक गरी उचित निर्णय लिनुपर्ने।

३. सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय सेवा ऐन, २०८२ ले करारका कर्मचारीहरूको म्याद थप गर्न प्रदेश सरकारको अनुमति लिनुपर्ने व्यवस्थाको यस अघि नै विरोध गरिएको छ। उक्त ऐनमा संशोधन नभएसम्म हालको विद्यामान परिस्थितीलाई समेत मध्यनजर गर्दै स्थानीय सरकारको आवश्यकताको आधारमा असोजमसान्तसम्मको लागि करारका कर्मचारीहरूको म्याद थप गर्न अनुमति दिनुपर्ने।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- १९१

मितिः२०८२।०६।०८

ने.सं. ११४५

श्री जिल्ला समन्वय अधिकारी (सबै)
श्री प्रमुख प्रशासकीय अधिकृत
गाउँपालिका (सबै)
नगरपालिका (सबै)

विषयः निर्णय कार्यन्वयन गर्ने/गराउने सम्वन्धमा।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको प.सं.२०८२/८३, (बजेट) च.नं.११८, मिति २०८२/६/७ को पत्र मार्फत नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८२/६/५ मा सार्वजनिक संरचनाको पुनर्निमाण र मर्मत, सार्वजनिक सेवा सुचारु निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्वन्धी निर्णय यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः
श्री अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा
श्री सूचना प्रविधि शाखाः इमेल मार्फत जिल्ला समन्वय समिति/गाउपालिका/नगरपालिकालाई जानकारी गराई वेवसाइटमा अपलोड गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेल- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
अर्थ मन्त्रालय, काठमाडौं

पत्र संख्या:- २०८२/८३ (बजेट)
च. नं.:- ११८

२३६
०८२।६।८

सिंहदरबार, काठमाडौं
नेपाल।

मिति: २०८२/६/७

**विषय: निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा।**

श्री क्षेत्रीय साहित्य महाशाखा
२०८२।६।८

श्री प्रमुख प्रशासकीय अधिकृत,
सबै महानगर/उप महानगर/नगर/गाउँ कार्यपालिकाको कार्यालय

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८२/६/५ मा सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी देहाय बमोजिम निर्णय भएकोले तहाँ तथा मातहतका निकायहरूमा कार्यान्वयन गर्नको लागि पठाइएको व्यहोरा अनुरोध गर्दछु।

**देहाय:**

**क. आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापन**

(१) सरकारी संरचना पुनर्निर्माण गर्दा सेवाग्राहीमैत्री, खुला र छरितो संरचना बनाउने। कार्यालयको कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी संरचनालाई विश्लेषण गरी भौतिक संरचना र ले-आउट व्यवस्थापन गर्ने।

(२) नेपाल सरकारबाट सञ्चालन हुने, नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने रू.१० लाखभन्दा बढीका आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने। आयोजना टुक्याएर उपभोक्ता समितिबाट काम गराउन नपाइने।

(३) निर्माण कार्यमा कन्टिन्जेन्सी रकमको सीमा घटाई रू.१ अर्बसम्म लागत अनुमान भएका आयोजनामा ३ प्रतिशतसम्म र सोभन्दा बढीका निर्माण आयोजनामा २ प्रतिशतसम्म हुने गरी कार्यान्वयन गर्ने।

**ख. खर्च मितव्ययिता तथा स्रोत परिचालनका क्षेत्रहरू**

**(१) भत्ता सम्बन्धमा**

(क) सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने। तर कानून बमोजिम गठन भएको समितिको काममा कार्यालय समय बाहेकको बैठकको भत्ता उपलब्ध गराउन सकिने।

प्रा.प्रा.अ. तह
ह. २०८२

टेलिफोन नं.:- बजेट म. ४२११८०९, प्रशासन म. ४२११४४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
वा.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००३३७, काम्स तथा पैसाना का.म. ४२११८१२, वि.से.व्य. तथा स.स.म. ४२११११२, वि.स.स.म. ४२११३१६
फ्याक्स नं. ४२११११४, ४२११३४८ (बजेट म.), ४२११११६ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

(ख) सरकारी, आफ्नो वा आफ्नो परिवारको स्वमित्वमा रहेको निजी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधा बापतको रकम लिन नपाउने।

**(२) परामर्श सेवा सम्बन्धमा**

(क) विद्यमान जनशक्तिबाट सम्पादन हुने कामको लागि विनियोजित बजेटको उपयोग गरी बाह्यसेवा परामर्शबाट काम गर्न/गराउन नपाउने।

(ख) विधेयक, नियम, विनियम, कार्यविधि, दिग्दर्शन, मापदण्ड र निर्देशिका बनाउने जस्ता कामका लागि सेवा परामर्श नलिने।

(ग) विद्यमान जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था हो भनी सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराएर मात्र पुँजीगत अनुसन्धान तथा परामर्शका लागि खर्च गर्न सकिने।

**(३) पानी, बिजुली र सञ्चार महसुल लगायतका सेवा खर्चमा मितव्ययिता कायम गर्ने**

(क) पानी, बिजुली र सञ्चार महसुल बापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी ढंगले खर्च गर्ने। कार्यालयमा आवश्यक नपरेको समयमा बत्ती, एअरकन्डिसन, पंखा जस्ता बिजुली खपत हुने यन्त्र उपकरण चलेको छ कि भनी सम्बन्धित कर्मचारी स्वयंले नियमित चेक गर्ने।

(ख) सरकारी कार्यालयको लागि न्यूनतम आवश्यकताभन्दा बढी कोठा र सुविधा भएको घर बहालमा नलिने। सरकारी कार्यालयहरूले सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने।

**(४) पुराना संरचना तथा सामान प्रयोग गर्न प्रोत्साहित गर्ने र अनुपयोगी सामान लिलाम गर्ने**

(क) संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूमा सवारी साधन, मोबाइल फोन, फर्निचर, ल्यापटप, डेस्कटप कम्प्युटर, मोटरसाईकल जस्ता सामान उपयोगमा पुरानो सामान प्रयोग गर्ने।

(ख) जेनजी आन्दोलनका क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट क्षति भएका कार्यालयहरूलाई आवश्यक पर्ने भवन, टेबल, कुर्सी, दराज, सोफा लगायतका कार्यालय सामान, मेशिन उपकरण, फर्निचर जस्ता सामग्री नजिकको कार्यालयमा भएकोबाट हस्तान्तरण गराई उपयोग गर्ने। यसरी हस्तान्तरण भएको सामानको हस्तान्तरण कार्यालय प्रमुख तहको निर्णयबाट नै हुने।

(ग) सरकारी भौतिक संरचनाको बीमा गर्ने कार्य सुरुवात गर्ने।



टेलिफोन नं:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व ब्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
ने.नि.बि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००४३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.ब्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

(५) संगठन संरचना सुधार

(क) अत्यावश्यक अवस्थामा प्राविधिक जनशक्ति बाहेक थप दरबन्दी सिर्जना नगर्ने। विशेषज्ञ सेवामा दीर्घकालीन दायित्व सिर्जना नहुने गरी स्थायी दरबन्दीको सट्टा सेवा परामर्श लिने।

(ख) संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत भई थप संरचना तथा दरबन्दी सिर्जना भएका स्थानीय तहले संक्षिप्त संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी चुस्त, छरितो र मितव्ययी बनाउन अनावश्यक संरचना र दरबन्दी शीघ्र घटाउने।

(ग) संघ, प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारीमा दोहोरोपन/तेहोरोपन हुने गरी नयाँ संरचना सिर्जना नगर्ने र हाल दोहोरो परेका संरचना खारेज गर्ने।

(घ) Contracting Out र Outsourcing बाट हुने कामलाई स्थायी सरचना सिर्जना नगर्ने।

(ङ) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थाई तथा करारमा कर्मचारी राख्न नपाउने।

(च) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष बाहेक नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका पदाधिकारीको लागि सल्लाहकार नियुक्ति नगर्ने।

(छ) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्री बाहेक सांसद लगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्ने।

(६) चालु खर्च घटाउने

(क) अत्यावश्यक बाहेकका तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन नगर्ने, सञ्चालन गर्नै पर्ने अवस्थामा सरकारी हलहरूमा र सम्भव भएसम्म अनलाइन तालिम गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्ने।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संस्थान, प्रतिष्ठान र नियामक निकायको खर्चमा अत्यावश्यक अवस्थामा बाहेक विदेश भ्रमणमा रोक लगाउने। नेपाल सरकारको प्रतिनिधित्व सम्बन्धित नियोगबाट हुनसक्ने अवस्था भएमा सम्बन्धित नियोगलाई नै अख्तियारी दिने।

(ग) सरकारको प्रतिनिधित्व अनिवार्य भएको अन्तर्राष्ट्रिय सभा सम्मेलनमा राष्ट्र प्रमुख वा सरकार प्रमुखको नेतृत्वमा हुने प्रतिनिधिमण्डल बढीमा १० जना र नेपाल सरकारको स्रोतमा हुने अन्य प्रतिनिधिमण्डलमा बढीमा ३ जना मात्र सदस्य रहने।



टेलिफोन नं:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.स.स.म. ४२११३१६
फ्याक्स नं ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११६६२, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

(७) **सवारी साधनको उपयोग**

(क) सवारी सुविधा सम्बन्धी सम्बन्धित कानूनमा सङ्ख्या किटान भएकोमा बाहेक सवारी सुविधा पाउने राजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई एक भन्दा बढी सवारी साधन उपलब्ध नगराउने/प्रयोग नगर्ने।

(ख) सवारी साधन क्षति भएका मन्त्रालय एवम् केन्द्रीय निकाय तथा कार्यालयले आफ्नो मातहतका विभाग, निकाय वा कार्यालयहरूमा भएका सवारी साधनबाटै व्यवस्थापन गर्ने।

(ग) राजनीतिक तथा प्रशासनिक पदाधिकारीको सुविधाका लागि नयाँ सवारी साधन खरिद नगरी उपलब्ध सवारी साधनबाटै व्यवस्थापन गर्ने।

(घ) सवारी सुविधा पाउने पदाधिकारी तथा कर्मचारीलाई सवारी सुविधा व्यवस्थापन सम्बन्धी छुट्टै मापदण्ड अर्थ मन्त्रालयले ४५ दिनभित्र तयार गरी सोही बमोजिम व्यवस्थापन गर्ने।

(ङ) समयमा निर्वाचन सम्पन्न गर्न तथा शान्ति सुरक्षा प्रयोजनको लागि उपलब्ध सवारी साधनबाट अपुग भएमा खरिद गर्न सकिने।

(च) सरकारी सवारी साधनको पूर्ण (कम्प्रिहेन्सिभ) निर्जीवन बीमा गर्ने।

(८) **अन्य खर्च कटौती**

(क) नेपाल सरकार र प्रदेश सरकारका मन्त्रीहरू लगायत राजनीतिक पदाधिकारीका स्वकीय सचिवालयका लागि मन्त्रालयमा कार्यकक्ष नराख्ने। यस्ता स्वकीय सचिवालयका कर्मचारीका लागि सवारी साधन, वैदेशिक भ्रमण र अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने।

(ख) प्रेस समन्वयका लागि अतिरिक्त नियुक्ति नगरी सम्बन्धित निकायकै प्रवक्ता तथा सूचना अधिकारीबाट कार्यसम्पादन गर्ने व्यवस्था मिलाउने।

(ग) सार्वजनिक संस्थानमा रिक्त रहेका कार्यकारी प्रमुखको पदमा तत्कालका लागि नेपाल सरकारको स्थायी सेवामा रहेका कर्मचारीलाई काजमा खटाउने।

(घ) महँगा इलेक्ट्रोनिक्स र विलासी सामग्रीहरू खरिद नगर्ने ।

(ङ) ग्यास, साइकल, स्वास्थ्य बीमा शुल्क, बिद्युत महशुल भुक्तानी, ह्याण्डपम्प, साडी वितरण जस्ता वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नपाइने।

४

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व ब्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.ब्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११११४, ४२११३४८ (बजेट म.), ४२११११५, (अ.आ.स.स.म.)
इमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

(९) **बक्यौता असुली**

(क) नेपाल सरकार अन्तर्गतका निकायले प्राप्त गर्नुपर्ने कर राजस्व वा गैरकर राजस्व असुलीलाई प्रभावकारी बनाउने सम्बन्धित मन्त्रालय जवाफदेही हुने।

(ख) अन्तिम लेखा परीक्षणबाट असुल उपर गर्ने भनी तोकिएको बेरूजु तुरुन्त असुल उपर गर्ने।

(१०) उल्लिखित निर्णय कार्यान्वयनको अनुगमन सम्बन्धित निकायका प्रमुखले नियमित रूपमा गर्ने गराउने।

२०८२/६/१६

(सुमन ढाहाल)
सह-सचिव

**बोधार्थ:**
श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।
श्री संघीय मामिला तथा सामान्य प्रशासन कार्यालय, सिंहदरबार, काठमाडौं।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै।

टेलिफोन नं.:- बजेट म. ४२११८०९, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व ब्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.बि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.ब्य. तथा सं.स.म. ४२११९९३, बि.सं.स.म. ४२११३
फ्याक्स नं. ४२११६४, ४२११३४८ (बजेट म.), ४२११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

## गर्भवती महिलाहरूले पुर्व प्रसुती जाँच (ANC) जाँच आठ पटक नै किन गर्ने?

| | |
|---|---|
| १.गर्भ रहेको १२ हप्ताभित्र | ❖ गर्भको पहिचान<br>❖ गर्भावस्थाका खतराका चिह्न परीक्षण<br>❖ TD को पहिलो मात्रा र फोलिक एसिड दिने<br>❖ आवश्यक स्वास्थ्य परीक्षण र पोषण परामर्शको लागि |
| २. गर्भ रहेको १६ हप्ताभित्र | ❖ TD को दोस्रो मात्रा दिने<br>❖ आइरन फोलिक एसिड दिने<br>❖ dewarming tablet दिने , आवश्यक स्वास्थ्य र पोषण परामर्शको लागि |
| ३. गर्भ रहेको २० - २४ हप्ताभित्र | ❖ नियमित आइरन फोलिक एसिड<br>❖ खतराको चिह्नबारे जानकारी तथा परामर्श शिशु विकासको अवस्था, आमाको पाठेघरको अवस्था<br>❖ रक्तचापको अवस्था पहिचान गर्ने र आवश्यक स्वास्थ्य परीक्षण (रगतमा हेमोग्लोबिनको मात्रा, रक्तचाप, पिसाबमा प्रोटिनको मात्रा) अल्ट्रासाउन्ड र पोषण परामर्शको लागि |
| ४. गर्भ रहेको २८ हप्तामा | ❖ नियमित आइरन फोलिक एसिड<br>❖ आमाको शरीरमा रक्तचाप, पिसाबमा प्रोटिनको मात्रा जाँच आवश्यक स्वास्थ्य जाँच र पोषण परामर्शको लागि |
| ५. गर्भ रहेको ३२ हप्तामा | ❖ नियमित आइरन फोलिक एसिड<br>❖ नियमित स्वास्थ्य परीक्षण (तौल, रक्तचाप, पिसाबमा प्रोटिनको मात्रा)<br>❖ पोषण परामर्शको लागि तथा शिशु विकासको अवस्था पता लगाउन |
| ६. गर्भ रहेको ३४ हप्तामा | ❖ नियमित आइरन फोलिक एसिड<br>❖ नियमित स्वास्थ्य परीक्षण (तौल, रक्तचाप, पिसाबमा प्रोटिनको मात्रा)<br>❖ पोषण परामर्शको लागि तथा शिशु विकासको अवस्था |
| ७. गर्भ रहेको ३६ हप्तामा | ❖ शिशु विकासको अवस्था<br>❖ नियमित आइरन फोलिक एसिड<br>❖ नियमित स्वास्थ्य परीक्षण (तौल, रक्तचाप, पिसाबमा प्रोटिनको मात्रा)<br>❖ पोषण परामर्शको लागि |
| ८. गर्भ रहेको ३८-४० हप्ताभित्र | ❖ शिशुको अवस्था पहिचान<br>❖ शिशु जन्मको तयारी वा योजना |

## गर्भवस्थमा ४ भिडियो एक्सरे ( Video X-ray) किन गर्ने ?

| समय | मुख्य जाँच |
|---|---|
| पहिलो पटक<br>(१२ हप्ता भित्र) | • बच्चा बसेको स्थान :<br>पाठेघर (भित्र/बाहिर)<br>• गर्भ संख्या<br>• मुटुको गतिविधी<br>• गर्भावधी (गर्भ उमेर) |
| दोस्रो पटक<br>(१८ देखी २२ हप्ता)<br>(Anomaly Scan) | • मुख्य अङ्गको विकास भए/नभएको<br>(मुटु,मस्तिष्क,मृगौला,मेरुदण्ड,हात खट्टा)<br>• मुख्य जन्मजातहुने समस्याको पहिचान :<br>तालु खुडो हुने<br>ओठ काटिएको<br>मेरुदण्डमा डल्ला<br>मुटुमा प्वाल<br>टाउकोमा पानी जम्ने |
| तेस्रो पटक<br>(२८ हप्ता) | • सालको अवस्था<br>• बच्चाको चाल<br>• बच्चाको वरपरको पानीको मात्रा |
| चौथो पटक<br>(३६ देखी ३८ हप्ता) | • बच्चाको बसाइ (सुल्टो/उल्टो)<br>• प्रसुति तयारी (सामान्य / CS) |

@reshamkarki
reshamkarki@gmail.com

Prepared By : Resham Karki

# नसर्ने रोग तथा सुर्तीजन्य पदार्थ नियन्त्रणका उपायहरू

## १. धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन नगर्ने :

- क्यान्सर, मुटुरोग, दीर्घ श्वास प्रश्वास अवरोध सम्बन्धी रोग मधुमेह हुने सम्भावना बढाउने प्रमुख कारक तत्व चुरोट, बिडी, गुट्का, खैनी ई-सिगरेट हुक्का जस्ता सुर्तीजन्य पदार्थको सेवन नै हो।
- अरुले गरेको धुम्रपानको धुँवाले धुम्रपान नगर्ने व्यक्तिको स्वास्थ्यमा पनि खराब असर गर्छ।
- धुम्रपान गर्ने व्यक्तिलाई हृदयघातको खतरा लगभग तीन गुणा बढी हुन्छ।
- युवावस्थादेखि नै धुम्रपान गर्ने व्यक्तिलाई हृदयघातको खतरा अत्यन्त धेरै हुन्छ।



## २. मदिराको सेवन नगर्ने:

- रक्सी, बियन, वाइन, जाँड जस्ता मदिराको सेवन गर्दा हृदयघात, कलेजो सम्बन्धी रोग, क्यान्सर, पेट वा आन्द्रामा घाउ हुने र मानसिक असन्तुलन जस्ता समस्याहरू हुन सक्छन्।
- मदिराको सेवनले घरेलु हिंसा, अपराध र दुर्घटनालाई बढाउँछ।



## ३. शारीरिक रूपमा सक्रिय रहने :

- योगा, हिंडडुल गर्ने, दौडने, साइकल चलाउने, पौडी खेल्ने, आदि हल्का पसिना आउने गरी कमसेकम ३० मिनेट नियमित रुपमा व्यायाम गर्नुहोस्।
- शरीरको तौल बढी भए घटाउनुहोस्। स्वस्थ तौल कायम गरी तन्दुरुस्त रहनुहोस्।



## ४. नून र चिनीको प्रयोग कम गर्ने:

- नुनिलो, गुलियो र चिल्लो खानेकुरा खानाले क्यान्सर, मुटुरोग र मधुमेह हुने जोखिमलाई बढाउँछ।
- खानामा नूनको प्रयोग कम गर्ने (दिनको ५ ग्राम भन्दा कम)।
- गुलिया पेय पदार्थ, मिठाई, चकलेट जस्ता खानेकुराहरू कम खाने।
- चिया र कफिमा चिनी कम हालेर खाने।
- शुद्ध र सफा पानी पिउने। एक दिनमा कम्तिमा २ लिटर पानी पिउने।




## ५. सन्तुलित खाना, प्रशस्त मात्रामा फलफूल र साग सब्जी खाने :

- क्यान्सर, मुटुरोग, मधुमेह र दीर्घ श्वासप्रश्वास अवरोध सम्बन्धी रोग लाग्नबाट बच्न अन्न, दाल, गेडागुडी, दूध, दही, माछा, बोसो नभएको मासु, अण्डा, हरियो सागसब्जी र फलफूल सन्तुलित रुपमा खाने गर्नुहोस्।
- मौसमी ताजा फलफूल र सागसब्जी दैनिक प्रशस्त (४-५ पटक) खाने।
- खानासँग नून नहालेको सलाद नियमित खाने।



## ६. मानसिक तनावको व्यवस्थापन गर्ने

- ध्यान तथा योगा गर्ने।
- रिसलाई नियन्त्रण गर्ने।
- परिवार तथा साथीभाइसँग पर्याप्त मात्रामा समय बिताउने।
- घर तथा कार्यालयमा तनाव मुक्त वातावरण सिर्जना गर्ने।
- घुमफिर र रमाइलो गर्ने।
- आत्महत्या रोगथामका लागि राष्ट्रिय हेल्पलाइन ११६६ सेवा २४ सै घण्टासेवा उपलब्ध छ।



## ७. उच्च रक्तचाप तथा नसर्ने रोगका अन्य जोखिमहरूलाई व्यवस्थापन गर्ने :

- उच्च रक्तचाप भएमा नियमित जाँच र उपचार गरी नियन्त्रणमा राख्ने।
- रगतमा चिनीको मात्रा बढेको (मधुमेह) भएमा नियमित जाँच र उपचार गरी नियन्त्रणमा राख्ने।
- रगतमा चिल्लोपना बढेको (उच्च कालेस्ट्रेरोल) भएमा नियमित जाँच र उपचार गरी नियन्त्रणमा राख्ने।
- मोटोपना घटाइ स्वस्थ तौल (उचाइ अनुसारको तौल) कायम गर्ने।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
रेणु काठमाडौं
आ.व. २०७८/०८०

# पहिरोबाट बचौं, बचाऔं।

## पहिरोबाट बच्ने उपायहरु



माटो बगिरहने भिरालो जमिनमा घर नबनाऔं ।



खहरे वा ठाडो खोल्सानजिकै घरगोठ नबनाऔं ।



घर बनाउनुअघि विज्ञबाट घडेरीको माटो जाँच गराऔं ।



आफ्नो घर वरपर पहिरो जानसक्ने ठाउँको पहिचान गरी संकेत चिन्ह राखौं।



पहिले पहिरो गएको ठाउँमा फेरि पनि पहिरो जानसक्छ त्यसैले, पहिले पहिरो गएको छ/छैन बुझेर मात्र घर बनाऔं ।



लगातार पानी परिरहेको छ भने राति घनाखो बनौं । पहिरो आउनसक्ने शंका लागेमा सुरक्षित स्थानमा गएर बसौं ।



युवा युवतीको स्वयंसेवी समूह बनाएर संकटको बेला कसरी जोगिने र अरुलाई जोगाउने भनेर पूर्वाभ्यास गर्ने गरौं ।



बर्खाको बेला घरमाथिका सडक, बाटोका ढल, खोल्साखोल्सी थुनिएकों छ/छैन हेरौं । थुनिएका निकास खोलौं र बस्तीतर्फ भल पस्नबाट रोकौं ।



भिरालो ठाउँमा घर बनाइएको छ भने खाली ठाउँमा बलियो जरा भएको रुख, विरुवा रोपौं। घर वरपर 'रिटेनिङ्ग वाल' लगाऔं । पानीको निकास सर्लक्क तर्काऔं ।


नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

# नेपालमा पाइने अति विषालु च्याउहरू

वैज्ञानिक नाम: *Amanita virosa* Bertill.
वनस्पतिक परिवार: Amanitaceae
भौगोलिक क्षेत्र: मध्य पहाड
वासस्थान: उतिस, कटुस, चिलाउनेखो वन



वैज्ञानिक नाम: *Amanita verna* Bull. ex Lam.
वनस्पतिक परिवार: Amanitaceae
भौगोलिक क्षेत्र: मध्य, उच्च पहाड
वासस्थान: गुरांस, फटुस, चिलाउने, खसु, सल्लोको वन



वैज्ञानिक नाम: *Amanita concentrica* T. Oda, C. Tanaka & Tsuda
वनस्पतिक परिवार: Amanitaceae
भौगोलिक क्षेत्र: मध्य, उच्च पहाड
वासस्थान: फटुस, चिलाउने, खसुको वन



वैज्ञानिक नाम: *Galerina marginata* (Batsch) Kühner
वनस्पतिक परिवार: Hymenogastraceae
भौगोलिक क्षेत्र: तराई, उच्च पहाड
वासस्थान: साल, सिसौ, गुरांस, फटुस, चिलाउने, खसु, सल्लोको वन



वैज्ञानिक नाम: *Amanita longistriata* S. Imai
वनस्पतिक परिवार: Amanitaceae
भौगोलिक क्षेत्र: मध्य पहाड
वासस्थान: फटुस, चिलाउने, खसु, सल्लोको वन



वैज्ञानिक नाम: *Mycena pura* (Pers.) P. Kumm.
वनस्पतिक परिवार: Mycenaceae
भौगोलिक क्षेत्र: उच्च पहाड
वासस्थान: गुरांस, फटुस, खसु, सल्लोको वन



वैज्ञानिक नाम: *Amanita phalloides* (Vaill. ex Fr.) Link
वनस्पतिक परिवार: Amanitaceae
भौगोलिक क्षेत्र: मध्य, उच्च पहाड
वासस्थान: फटुस, चिलाउने, खसु, सल्लोको वन



वैज्ञानिक नाम: *Paxillus involutus* (Batsch) Fr.
वनस्पतिक परिवार: Paxillaceae
भौगोलिक क्षेत्र: मध्य, उच्च पहाड
वासस्थान: गुरांस, फटुस, चिलाउने, खसु, सल्लोको वन



वैज्ञानिक नाम: *Amanita subglobosa* Zhu L. Yang
वनस्पतिक परिवार: Amanitaceae
भौगोलिक क्षेत्र: तराई, उच्च पहाड
वासस्थान: साल, सिसौ, गुरांस, फटुस, चिलाउने, खसु, सल्लोको वन



## च्याउ चिन्नैं मात्र स्वामी, अमूल्य जीवन जगुनाली

नेपालमा करिब ९१०० प्रजातिका जंगली च्याउहरू पाइएका छन्। जसमा १०० वटा विषालु छन्। अधिकांश विषालु च्याउहरू हेर्दा अति आकर्षक रङ र बनोटका कारण टिपेर खाउँ खाउँ लाग्ने खालका हुन्छन्। प्रायजसो विषालु च्याउको छालाभा काँडा वा गिर्खा, डाँठमा औंठी र फेदमा कचौरा वा थैली जस्तो भाग हुन्छ। विशेषतः वर्षायाम सुरु भएपछि विषालु च्याउ खाएको कारण नेपालमा धेरैजसो औसत २०–२५ जनाको मृत्यु हुने गरेको र सयौंको संख्यामा गम्भीर बिरामी हुने गरेको पाइएको छ।

## विषालु च्याउ खाएका देखिने लक्षणहरू

च्याउको प्रजाति अनुसार लक्षणहरू फरक फरक हुन्छन्। मुख्यतः निम्न अवस्थाहरू देखिन सकिन्छन्:

- पखाला, बान्ता आउला आउला जस्तो हुनु, बान्ता हुनु, पेट दुख्नु,
- आँखा तिमिर हुनु, होस गुमाउनु र मस्सा सेक्न तरे जस्तो हुनु,
- हालछुहा आउँदिनु, ज्यान चुहाउनु, काली पिसाब गर्नु, पिसाब धेरै मात्र गर्नु,
- मुटुको चाल असामान्य हुनु, रसंकाप कम हुनु।

## रोकथाम तथा उपचार विधि

- यस्ता चाँहिदा जंगली जंगली च्याउहरू सकलन, मिसाउट र खाने काम नगरौं।
- खान हुने च्याउ पनि एकै पटक धेरै मात्रामा नखाऔं।
- विषालु च्याउलाई सुकाएर, अँमिलो हानेर वा अन्य परेनु विधिबाट च्याउमा भएको विषालुपन हटाएर मात्र खानुपर्दछ। तसर्थ, विषालु च्याउ खाएको शंका वा लक्षण देखिने बित्तिकै नजिकैको स्वास्थ्य केन्द्रमा जानुपर्छ।


नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वनस्पति विभाग**
बाबरमहल, काठमाडौं
२०८० साउन



Compiled & Published by: Nir Bandhu (Umesh Shrestha) (nirbandhu.shrestha@gmail.com) | Designed & Printed at: Kathmandu Printing Press, Kathmandu | Version: www.dfrp.gov.np

# नेपालमा आत्महत्याको विद्यमान अवस्था




**७०५५**

जनाले आर्थिक वर्ष २०८१/८२ मा आत्महत्या गरेका छन् ।

## विगत एक दशकमा नेपालमा आत्महत्याको अवस्था




## समस्यामा परेकाहरुलाई कसरी सहयोग गर्ने ?



आफ्नो कुरा भन्नु भन्दा पनि उनीहरुको कुरालाई ध्यान दिएर सुन्ने



उचित वातावरण मिलाई कुराकानी गर्ने र कुराको गोपनियता कायम राख्ने



"तिमी एक्लै छैनौ, तिम्रो साथमा हामी पनि छौं" भनि ढुक्क बनाउने



व्यक्तिको आनीबानी प्रति सचेत हुने



चोट तथा हानी पुर्याउन सक्ने सामाग्री तथा साधनहरुको पहुँचबाट टाढा राख्ने



व्यक्तिको भावनालाई महत्व दिएर सम्मानजनक व्यवहार देखाउने




आवश्यक परेमा हटलाइन नम्बर ११६६ मा सम्पर्क गर्ने

विगतको भावना आएमा कुम्सुकै बेला यस नम्बरमा फोन गरि आफ्नो कुरा राख्नुहोस् र सकेसम्मत्तोकोलाकार परामर्श सेवा लिनुहोस्

**११६६ - आत्महत्या रोकथामका लागि राष्ट्रिय निशुल्क हटलाइन**

# आपद्‌विपद्‌का लागि थाहा पाइराख्नु पर्ने नम्बरहरु



| | |
|---|---|
| १०० | प्रहरी<br>नेपाल प्रहरी |
| १०१ | दमकल<br>गुरुत्व बारुण यन्त्र |
| १०२ | एम्बुलेन्स<br>नेपाल एम्बुलेन्स सेवा |
| १०३ | ट्राफ्रिक<br>नेपाल प्रहरी |
| ११११४ | सशस्त्र प्रहरी<br>सशस्त्र प्रहरी बल, नेपाल |
| ११११५ | स्वास्थ्य<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ११४९ | विपद् उद्धार<br>राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्र |
| ११५५ | मौसम तथा बाढी<br>जल तथा मौसम विज्ञान विभाग |

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

@NDRRMA
NDRRMA_Nepal
NDRRMA

# स्वस्थ जिवनका ५ नियमहरू

| | | |
|---|---|---|
| १ | थोरै मासु !<br>धेरै सब्जी ! |  |
| २ | थोरै चिनी !<br>धेरै फलफुल !! |  |
| ३ | थोरै सवारी !<br>धेरै हिडाइ !! |  |
| ४ | थोरै चिन्ता ! @reshamkarki<br>धेरै सुताइ !! |  |
| ५ | थोरै रिस !<br>धेरै हासो !! |  |

Design and Prepared By :@reshamkarki

## स्वास्थ्य बीमामा थप एक लाख सम्मको उपचार सुविधा लिन के गर्नुपर्छ??

- स्वास्थ्य बीमा परिचयपत्र
- चिकित्सकको सिफारिस
- स्थानीय तहको सिफारिस
- बोर्डको जिल्ला कार्यालयमा निवेदन सहित विवरण पेश गर्ने

थप जानकारीको लागिः

**स्वास्थ्य बीमा बोर्ड, बबरमहल काठमाडौं**

टोल फ्री :१६६००१११२२४




यो नक्सा विश्व खाद्य संगठनको आर्थिक सहयोगमा निशुल्क नेपालले संचालन गरिरहेको "पूर्वानुमानमा आधारित अग्रिम कार्य परियोजना" अन्तर्गत तयार गरिएको हो ।

डाटा स्रोत: सामुदायिक छलफल, OSM, ESRI, WFP तथा नापी विभाग

पालिकाको प्रत्यक वडामा पालिका अफिसरद्वारा संचालन सामुदायिक छलफलमा समुदायले जोखिम नक्सा तयार गरि पालिकाले प्रमाणित गरेको हो ।

यस नक्सामा प्रयोग गरिएका सामाग्रीहरुले विश्व खाद्य संगठनको विचार प्रतिबिम्बित गर्दैन ।




# विपद जोखिम नक्सा

## वडा १ मिक्लाजुङ गाउँपालिका, पाँचथर, कोशी प्रदेश, नेपाल

यो नक्सा विश्व खाद्य संगठनको आर्थिक सहयोगमा निड्स नेपालले संचालन गरिरहेको "पूर्वानुमानमा आधारित अग्रिम कार्य परियोजना" अन्तर्गत तयार गरिएको हो ।

डाटा स्रोतः सामुहिक छलफल, OSM , ESRI , WFP तथा नापी विभाग

पालिकाको प्रत्यक्ष वडामा पालिका अफिसरद्वारा संचालन सामुहिक छलफलमा समुदायले जोखिम नक्सा तयार गरि पालिकाले प्रमाणित गरेको हो ।

यस नक्सामा प्रयोग गरिएका सामाग्रीहरुले विश्व खाद्य संगठनको विचार प्रतिबिम्बित गर्दैन ।




# विपद जोखिम नक्सा

## वडा २ मिक्लाजुङ गाउँपालिका, पाँचथर, कोशी प्रदेश, नेपाल

यो नक्सा विश्व खाद्य संगठनको आर्थिक सहयोगमा निक्षम नेपालले संचालन गरिरहेको 'पूर्वानुमानमा आधारित अग्रिम कार्य कियोजना' अन्तर्गत तयार गरिएको हो ।

डाटा स्रोत: सामुदायिक छलफल, OSM , ESRI , WFP तथा नापी विभाग

पालिकाको प्रत्यक्ष वडामा पालिका अधिकारद्वारा संचालन सामुदायिक छलफलमा सम्मुदायले जोखिम नक्सा तयार गरि पालिकासे प्रमाणित गरेको हो ।

यस नक्सामा प्रयोग गरिएका सामाग्रीहरुले विश्व खाद्य संगठनको विचार प्रतिविम्बित गर्दैन ।




# विपद जोखिम नक्सा

## वडा ३ मिक्लाजुङ गाउँपालिका, पाँचथर, कोशी प्रदेश, नेपाल

N

० ०.७५ १.५ ३ कि. मि.

माननाप: 1:43,724

प्रक्षपण प्रणाली: GCS WGS १९८४

Datum : WGS १९८४ , Units: Degree

| प्रकोप प्रकार | भुमि प्रयोग | पूर्वाधार |
|---|---|---|
| खडेरी | जंगल | विद्यालय |
| आगलागी | वस्ति | स्वास्थ्य चौकी |
| पहिरो | खेतबारी | वडा कार्यालय |

यो नक्सा विश्व खाद्य संगठनको आर्थिक सहयोगमा निड्स नेपालले संचालन गरिरहेको "पूर्वानुमानमा आधारित अग्रिम कार्य परियोजना" अन्तर्गत तयार गरिएको हो ।

डाटा स्रोत: सामुहिक छलफल, OSM, ESRI, WFP तथा नापी विभाग

पालिकाको प्रत्यक वडामा पालिका अफिसरद्वारा संचालन सामुहिक छलफलमा समुदायले जोखिम नक्सा तयार गरि पालिकाले प्रमाणित गरेको हो ।

यस नक्सामा प्रयोग गरिएका सामाग्रीहरुले विश्व खाद्य संगठनको विचार प्रतिबिम्बित गर्दैन ।




यो नक्सा विश्व खाद्य संगठनको आर्थिक सहयोगमा निड्स नेपालले संचालन गरिरहेको "पूर्वानुमानमा आधारित अग्रिम कार्य परियोजना" अन्तर्गत तयार गरिएको हो ।

डाटा स्रोत: सामुदायिक छलफल, OSM, ESRI, WFP तथा नापी विभाग

पालिकाको प्रत्यक्ष वडामा पालिका अफिसरद्वारा संचालन सामुदायिक छलफलमा समुदायले जोखिम नक्सा तयार गरि पालिकाले प्रमाणित गरेको हो ।

यस नक्सामा प्रयोग गरिएका सामग्रीहरुले विश्व खाद्य संगठनको विचार प्रतिबिम्बित गर्दैन ।


फाक्फोकथुम गाउँपालिका
माडसेबुड गाउँपालिका
मिक्लाजुङ गाउँपालिका
मिक्लाजुङ ३
मिक्लाजुङ ४
मिक्लाजुङ ५
मिक्लाजुङ ६
मिक्लाजुङ ७
डाडागाउ
जोरधारा
पाङ्तुवा
त्रिसुला
सल्लेरी
गैरीटोल
माझगाउ
हुलाक
कार्यालय
स्वास्थ्य चौकी
तुम्बुङ
सेखेवा
कार्पेटार
सिङ्फेरे
सेर्जेम्बा
तक्साङ
थुमथुमे
पंचमी
बल्वानी
विपद जोखिम नक्सा
वडा ५ मिक्लाजुङ गाउँपालिका, पाँचथर, कोशी प्रदेश, नेपाल
प्रकोप प्रकार
भुमि प्रयोग
पूर्वाधार
मानचित्र: १:३२,७२०
प्रक्षेपण प्रणाली: GCS WGS १९८४
Datum: WGS १९८४, Units: Degree
यो नक्सा विश्व खाद्य संगठनको आर्थिक सहयोगमा निहुम नेपालले संचालन गरिरहेको
"पूर्वानुमानमा आधारित अग्रिम कार्य परियोजना" अन्तर्गत तयार गरिएको हो ।
डाटा स्रोत: सामुहिक छलफल, OSM, ESRI, WFP तथा नापी विभाग
पालिकाको प्रत्यक वडामा पालिका अफिसरद्वारा संचालन सामुहिक छलफलमा
समुदायले जोखिम नक्सा तयार गरि पालिकाले प्रमाणित गरेको हो ।
यस नक्सामा प्रयोग गरिएका सामाग्रीहरुले विश्व खाद्य संगठनको विचार प्रतिबिम्बित गर्दैन ।




यो नक्सा विश्व खाद्य संगठनको आर्थिक सहयोगमा सिड्स नेपालले संचालन गरिरहेको "पूर्वानुमानमा आधारित अग्रिम कार्य परियोजना" अन्तर्गत तयार गरिएको हो ।

डाटा स्रोत: सामुदायिक छलफल, OSM, ESRI, WFP तथा नापी विभाग

पालिकाको प्रत्यक वडामा पालिका अफिसरद्वारा संचालन सामुदायिक छलफलमा समुदायले जोखिम नक्सा तयार गरि पालिकाले प्रमाणित गरेको हो ।

यस नक्सामा प्रयोग गरिएका सामाग्रीहरुले विश्व खाद्य संगठनको विचार प्रतिबिम्बित गर्दैन ।




# विपद जोखिम नक्सा

## वडा ७ मिक्लाजुङ गाउँपालिका, पाँचथर, कोशी प्रदेश, नेपाल

मानना: १:५५,३७७

प्रक्षपण प्रणाली: GCS WGS १९८४

Datum: WGS १९८४, Units: Degree

प्रकोप प्रकार

पहिरो | आगलागी | खहेरी | बाढी

भुमि प्रयोग

जल | घस्ति | जगल | खेतबारी

पूर्वाधार

विद्यालय

स्वास्थ्य चौकी

वडा कार्यालय

यो नक्सा विश्व खाद्य संगठनको आर्थिक सहयोगमा निडस नेपालले संचालन गरिरहेको "पूर्वानुमानमा आधारित अग्रिम कार्य परियोजना" अन्तर्गत तयार गरिएको हो ।

डाटा स्रोत: सामुहिक छलफल, OSM, ESRI, WFP तथा सशी विभाग

पालिकाको प्रत्यक वडामा पालिका अफिसरद्वारा संचालन सामुहिक छलफलमा समुदायले जोखिम नक्सा तयार गरि पालिकाले प्रमाणित गरेको हो ।

यस नक्सामा प्रयोग गरिएका सामाग्रीहरुले विश्व खाद्य संगठनको विचार प्रतिबिम्बित गर्दैन ।




# विपद जोखिम नक्सा

## वडा ८ मिक्लाजुङ गाउँपालिका, पाँचथर, कोशी प्रदेश, नेपाल

० १ २ ४ कि. मि.

मानचित्र: १:७०,६९१

प्रक्षेपण प्रणाली: GCS WGS १९८४

Datum: WGS १९८४, Units: Degree

**प्रकोप प्रकार**

हाबाहुरी | आगलागी | खडेरी | पहिरो

**भूमि प्रयोग**

जल | बस्ति | जंगल | खेतबारी

**पूर्वाधार**

विद्यालय | स्वास्थ्य चौकी | वडा कार्यालय

यो नक्सा विश्व खाद्य संगठनको आर्थिक सहयोगमा निदुस नेपालले संचालन गरिरहेको "पूर्वानुमानमा आधारित अग्रिम कार्य परियोजना" अन्तर्गत तयार गरिएको हो ।

डाटा स्रोत: सामुदायिक छलफल, OSM, ESRI, WFP तथा नापी विभाग

पालिकाको प्रत्यक्ष वडामा पालिका अधिकारद्वारा संचालन सामुदायिक छलफलमा समुदायले जोखिम नक्सा तयार गरि पालिकाले प्रमाणित गरेको हो ।

यस नक्सामा प्रयोग गरिएका सामाग्रीहरुले विश्व खाद्य संगठनको विचार प्रतिबिम्बित गर्दैन ।